फालेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः (२) संख्याः (३) मितिः २०७५।०१।०५

## भाग-१

## फालेलुङ गाउँपालिका

# फालेलुङ गाउँपालिकाको शिक्षा ऐन २०७५

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद (१५) को दफा (१०२) को उपदफा (१) मा भएको व्यवस्थाको अधिनमा रही फालेलुङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाइ लागु गरेको छ ।

**प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद (३), दफा (११ ज) मा व्यवस्था भए बमोजिमको आधारभुत र माध्यमिक शिक्षा सम्बन्धि स्थानीय तहको अधिकारको प्रयोग प्रभावकारी, अनुमानयोग्य ढंगबाट कार्यान्वयन गरि शिक्षा क्षेत्रको सुधार गर्न बाञ्छनिय भएकाले फालेलुङ गाउँपालिकाको गाउँसभाले यो ऐन पारित गरि लागु गरेको छ ।

१. संक्षिप्त नाम, र प्रारम्भ : (१) यस ऐनको नाम फालेलुङ गाउँपालिकाको शिक्षा ऐन २०७५ रहनेछ ।

(२) यो ऐन फालेलुङ गाउँसभाबाट पारित भइ अध्यक्ष द्वारा प्रमाणिकरण भए पश्चात गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

(क) सभा भन्नाले फालेलुङ गाउँसभा सम्झनुपर्दछ ।

(ख) गाउँपालिका भन्नाले फालेलुङ गाउँपालिका गाउँपालिका सम्झनुपर्दछ ।

(ग) कार्यपालिका भन्नाले फालेलुङ गाउँपालिकाका, गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले फालेलुङ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले फालेलुङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले फालेलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ

(छ) सदस्य भन्नाले फालेलुङ गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, वडा समिति सदस्य एवं कार्यपालिका सदस्य सम्झनुपर्दछ ।

(ज) विद्यालय व्यवस्थापन समिति भन्नाले ऐनको दफा ५ बमोजिम गठित समिति विद्यालय व्यवस्थापन समिति सम्झनुपर्दछ ।

(झ) गाउँपालिका शिक्षा समिति भन्नाले ऐनको दफा ४ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ञ) तोकिए वा तोकिए बमोजिम भन्नाले यस ऐन वा अन्तर्गत बनेका नियमावलीमा तोकिए वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

**३. विद्यालय खोल्न अनुमति वा स्वीकृति सम्बन्धि व्यवस्था :** (१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

**४. गाउँपालिका शिक्षा समिति :** (१) गाउँपालिका शिक्षा समितिको गठन, काम कर्तव्य र अधिकार र बैठक सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५. विद्यालय व्यवस्थापन समिति :** (१) विद्यालय व्यवस्थापन समितिको गठन, काम कर्तव्य र अधिकार बैठक सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. पाठ्यक्रम तथा परिक्षा सञ्चालन र समन्वय :** पाठयक्रम र पाठयसामग्री, परिक्षा सञ्चालन तथा समन्वय समिति सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७. प्रारम्भिक बाल विकास सम्बन्धि व्यवस्था :** प्रारम्भिक बाल विकास केन्द्रको स्थापना र आवश्यक पर्ने पुर्वाधार तोकिए बमोजिम हुनेछ ।

**८. विद्यार्थि संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था :** सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विधार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. प्रधानाध्यपक र शिक्षकको नियुक्ति :** प्रधानाध्यपक र शिक्षकको नियुक्ति तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१०. छात्रबृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धि व्यवस्था :** छात्रबृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनु पर्नेछ ।

**११. विदा तथा काज सम्बन्धि व्यवस्था :** शिक्षक तथा कर्मचारीको विदा तथा काज सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था :** विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धि व्यवस्था :** विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था :** विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था :** विद्यालयको संचित कोष, आय व्यय, लेखा , लेखा परिक्षण र प्रतिवेदन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. विविध :** विद्यालयको संस्थागत सुधार, शिक्षकहरुको जनशक्ति विकास तालिम, अतिरिक्त क्रियाकलाप, अन्तर विद्यालय प्रतिस्पर्धा, दरवन्दि मिलान, विद्यालय गाभ्ने आदि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७. नियम बनाउने अधिकार :** (१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न कार्यपालिकाले नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदि बनाउन सक्नेछ ।

(२) दफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरि सो नियमद्वारा दफा (३) देखि दफा (१७) सम्म भएको व्यवस्थालाई परिभाषित गर्नु पर्नेछ ।

**१८. बाधा अडकाउ हटाउने अधिकार :** यस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन उपलव्ध भए सम्म स्थानीय राजपत्रमा प्रकाशित गरि वा गाउँपालिकाको वेबसाइटमा प्रकाशन गरि आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन सरह मानिनेछ ।

**१९. बचाउ र लागु हुने :** (१) यो ऐन वा यस ऐन बमोजिम बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएका कुरामा प्रचलित कानुन ( संघिय वा प्रादेशिक शिक्षा ऐन वा अन्य कुनै ऐन ) बमोजिम हुनेछ ।

(२) यस ऐन र यस ऐन बमोजिम बनेका नियम जारी नहुन्जेल कार्यपालिकाको निर्णय बमोजिम वा संघिय शिक्षा ऐन बमोजिम भएका कुरा यसै ऐन बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
**मौसम ढुङ्गेल**
**प्रमुख प्रशासकीय अधिकृत**